Australian Government

NATIONAL BOWELCANCER SCREENING PROGRAM

**सामानको नाम (Product name)**

राष्ट्रिय गुद्वार क्यान्सर परिक्षण योजना (National Bowel Cancer Screening Program Kit) सामाग्री

**प्याथोलोजी सेवाहरु (Pathology Services)**

Dorevitch PATHOLOGY

तपाईको नमूना संलग्न भएको 'नीलो हुलाकको खाम' (Blue Mailing Envelope) तलको ठेगाना पठाउनुहोला:

Reply Paid 83974
Dorevitch Pathology
FOBT Department
PO Box 5018
Heidelberg West MDC VIC 3081

**प्रस्तावक (Sponsor of)**

NEW HEMTUBE (B)

SIEMENS

**उत्पादक (Manufacturer of)**

NEW HEMTUBE (B)

FUJIREBIO INC.

FOBT002 Version 12/12

## तपाईको नमूनाहरु संचित राख्ने (STORING YOUR SAMPLES)

- तपाईको नमूना संकलन भएको नीलो हुलाकको खाम २º र १० ºC बिचको तापक्रममा संचित राख्नुहोला – तपाईको नमूना फ्रीजमा संचित गरेको उत्तम हुनेछ।

**निम्न कुराहरु नगर्नुहोला:**

- तपाईको खानपीन वा औषधीमा परिवर्तन नल्याउनुहोला।
- तपाईको नमूना बरफ जम्ने गरि नराख्नुहोला।

**यदि निम्न स्थिति भएमा नमूना संकलन नगर्नुहोला:**

- तपाईको हेमोराईदस (पाईल्स) (haemorrhoids) (piles) छ जसबाट रगत आईरहेछ।
- महिनावारी भएको बेला वा यसको ३ दिन अगाडी पछाडीको समयमा।
- तपाईको पिसाब वा दिसामा रगत देखिएमा – यस्तो अवस्थामा तपाईको डाक्टरलाई सम्पर्क गर्नु होला।
- तपाईको निकट भविष्यमा कोलोनोस्कपी गर्ने योजना भएमा।
- तपाईको विगत १२ महिनामा दिसाको समस्या भएको थियो जुन अहिले उपचार भैरहेको छ-यदि तपाईलाई पक्का नभएमा तपाईको डाक्टरसंग परामर्श लिनुहोला।

NATIONAL BOWELCANCER SCREENING PROGRAM

Australian Government

# परिक्षणको लागि तपाईको नमूना संकलन कसरी गर्ने>>>

**सहयोग चाहिन्छ?**

सहयोग चाहिएमा सोमबार देखी शुक्रबारसम्म बिहान ९ बजे देखी ५ बजे (AEST) भित्र १८०० ७३८ ३६५ मा फोन गर्नुहोला

**अंग्रेजीमा पढ्न गाह्रो छ?**

१३ १४ ५० मा फोन गर्नुहोला

तपाईको नमूना ४ सजिलो तरिकाले संकलन गर्नु अगाडी सबै पानाहरु पुरै पढ्नुहोला।

## छिटो, सजिलो, तपाईलाई सहज भएको बेलामा आफ्नै घरमा गर्ने।

## तपाईको पहिलो नमूनाको संकलन 1

- निलो सिन्का (BLUE STICK.)को प्रयोग गर्नुहोला।
- तपाईको मुत्राशय खाली (पिसाब) गर्नुहोला, अनि ट्वाईलेट फ्लस गर्नुहोला।
- छापिएको पट्टी माथी पर्ने गरि संकलन गर्ने कागज दिसा गर्ने ठाऊँ (ट्वाईलेट बाउल) मा राख्नुहोला।
- ट्वाईलेटको सिटमा बस्नुहोला र अघी राखिएको पानामा दिसा गर्नुहोला।
- यो संकलन गर्ने पाना ट्वाईलेट फ्लस गर्दा केहि फरक पर्दैन।
- निलो सिन्का (BLUE STICK) दिसा भित्र छिराउनुहोस र सिन्काको टुप्पोमा चामलको दाना जति दिसा नटाँसुञ्जेल अगाडी पछाडी गरि चलाउनुहोला।




- निलो सिन्का (BLUE STICK) लाई संकलन नलीभित्र क्लिक नहुञ्जेल भित्र घुसाउनुहोला।

*संकलन नलीको तरल पदार्थमा यदि दिसा नदेखिएमा फिर नगर्नुहोला।*



- महत्वपूर्ण > एकपटक नली भित्र छिराईसकेको निलो सिन्का (BLUE STICK) फेरी कुनै पनि हालतमा ननिकाल्नुहोला।

## तपाईको नमूनामा लेबल लगाउने र संरक्षित राख्ने 2

- तपाईको 'नाम', 'जन्म मिती' र 'नमूना संकलनको मिती' लेबलमा लेख्नुहोला र नलीको वरिपरी टाँस्नुहोला।
- संकलन नलीलाई घुमाउने बिर्को भएको बहान नलीमा राख्नुहोला।




लेबल संकलन नलीमा टाँसनुहोला बहान नलीमा **हैन**



- बिर्को लगाउनु होला र फसनर भएको ब्यागमा राख्नुहोला। र बन्द गर्नुहोला।
- फसनर लगाईएको ब्याग निलो हुलाकको खाममा राख्नुहोला।
- महत्वपूर्ण > तपाईको नमूना संकलन भएको नीलो हुलाकको खाम २° र १० °C बिचको तापक्रममा संचित गर्नुहोला – तपाईको नमूना फ्रीजमा संचित गर्नु नै उत्तम हुनेछ।
- महत्वपूर्ण > बरफ हुने फ्रिजमा नराख्नुहोला।

## दोश्रो नमूना संकलन 3

- रातो सिन्का (RED STICK) को प्रयोग गर्नुहोला।
- दोश्रो नमूना २-३ दिन भित्रै संकलन गर्नु पर्नेछ। यदि तपाई चाहानुहुन्छ भने त्यही दिनको पछिल्ला समयमा पनि नमूना संकलन गर्न सक्नुहुनेछ।
- पहिले जस्तै "१.तपाईको पहिलो नमूनाको संकलन" र "२. तपाईको नमूनामा लेबल लगाउने र संरक्षित राख्ने" सबै चालहरु दोहोर्याउनुहोला।
- बहान नलीलाई फसनर भएको ब्यागमा अरू संकलन नली सँगै हुलाक खाममा राख्नुहोला।





- महत्वपूर्ण > हुलाकमा नखसालुन्जेल तपाईको नमूना संकलन भएको हुलाकको खाम २° र १० °C बिचको तापक्रममा राख्नुहोला।
- महत्वपूर्ण > बरफ हुने गरि फ्रिजमा नराख्नुहोला।

## हुलाकमा पठाउँदा गर्नुपर्ने कुराहरु 4

- निलो हुलाक खामको अगाडी, "पठाउनेको सही" (Sender's signature) भनेको ठाऊँमा सही गर्नुहोला।
- निलो हुलाक खामको पछाडी, "पठाउने को नाम" (Sender's Name) र "पठाउनेको ठेगाना" (Sender's Address) भर्नुहोला।

निलो पैसा तिरी सकेको हुलाकको खाममा राख्नुहोला:

- महत्वपूर्ण > सहि NBCSP बाकस भएको ठूलो खाममा सहभागी हुनेको विवरण फारममा। यसमा सही र मिती लेख्नुहोला।
- फसनर भएको ब्यागमा लेबलहरु लगाईएको दुई संकलन नलीहरु छन जुन घुम्ने बिर्को भएको बहान नलीमा राखिएको छ।
- तपाईले पुरा गर्नुभएको परिक्षण नमुनाहरु जतिसक्दो छिटो पठाउनुहोला।
- हुलाकमा खसाल्न जाँदा, खाम सुख्खा र सितल(२५°C भन्दा तल) राख्नुहोला।

निलो हुलाकी खाम अष्ट्रेलिया पोष्टको पसलमा गएर पठाउनुहोला।

यदि यो सम्भव छैन भने, अष्ट्रेलिया पोष्टको बाकसमा खसाल्नुहोला।